ISSN - 2717-4751

*Unity Journal*
Vol.7, 389-400, Feb 2026
https://doi/org/10.3126/unityj.v7i1.90495
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

# जनता विनाबर्दीका सिपाही हुन्

**बलबहादुर पुन**
राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहर भवन, ललितपुर
Corresponding Email: pbalbahadur@gmail.com

**ARTICLE INFO**

***Article history***
*Received: 31 Oct 2025*
*Accepted: 20 Jan 2026*

***शब्दकुञ्जी***
**एन्सियन्ट सोसाइटी**
**राज्य**
**सेना**
**काला पल्टन**
**गोरा पल्टन**
**पुनर्वास**
**गुरुज्यू**

**लेखसार**

*जनता र सेनाका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। पहिलो कुरा त जनता नै एउटा सम्प्रभुता सम्पन्न राष्ट्रको एक अभिन्न अङ्ग मानिन्छ। त्यसैगरी राज्यको शक्तिको स्रोतमध्ये एक जनतालाई नै मानिएको छ । एन्सियन्ट सोसाइटीमा मोर्गनका अनुसार आधुनिक राज्य निर्माणअघि ट्राइबलहरू आफ्नो कुलवंश (जीन) को सुरक्षित वसोवास गरिएको भूगोल नै कालान्तरमा आधुनिक राज्यको जगको आधार हो। प्लेटोको आधुनिक राज्यको परिभाषामा नगर राज्यलाई विशेष आधार मानेर व्यख्या गरिएको छ। सायद उनले त्यो प्राचीन मानव वस्ती (ट्राइबल) लाई केलाउन चाहेनन्। त्यही भूगोलको सुरक्षाका लागि त्यहाँका जनताहरूले गरेको बलिदानीपूर्ण संघर्ष नै त्यस समयको सेना निर्माणको एक आधार मान्न करै लाग्छ। त्यो किनपनि भने युद्धकला र हातहतियार निर्माणका तौरतरिका त्यहीबाट आयातित भएका छन्। यसले के देखाउँछ भने जनता एकातिर आफ्नो देशको सम्प्रभुताको रक्षाका लागि ज्यानको आहुती दिन तयार हुन्छन् भने अर्कोतिर आधुनिक संगठित सेना निर्माणको एक आधारशिला पनि बन्न गएको छ। यही प्राचीन मानवको संयुक्त वसोवास गर्ने क्रममा आफ्नो कुलवंशको सुरक्षा खातिर आफू बसेको भूगोलको रक्षाका लागि लड्ने युद्धकला र हतियारले युक्त जनता नै सेना हुन्। यसैसँग मेल खाने नेपालको कालीगण्डकी सेरोफेरोमा बाइसेचौविसे राज्यकालका समयमा मगर राज्यका प्रशासनिक नाम कालाशेष र गोराशेष देखा पर्छ। पृथ्वीनारायण शाहले यसैको नामबाट गोरखा राज्यमा काला पल्टन र गोरा पल्टनको नामले दुई छुट्टाछुट्टै पल्टन खडा गर्दछन्। यही पल्टन कालान्तरमा गएर गुरुज्यु पल्टन र आधुनिक सेनाको रुपमा स्थापित भएको छ। यस लेखको मुख्य उद्देश्य नै आधुनिक सेनाको विकासको पहिलो आधार जनता हुन् र देशको सार्वभौम रक्षाका लागि उनीहरू नै एक खम्वा हुन् भन्ने रहेको छ। त्यसका साथमा जनता नै राज्यको शक्तिको स्रोत, राज्यका अभिन्न अङ्ग र आधुनिक सेनाको निर्माणपछि उनीहरूको भूमिका भनेको देशको आवश्यकता र समय परिस्थिति अनुसार सहयोगीको रुपमा योगदान गर्नु हो।*

## विषय प्रवेश

“राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक सिद्धान्तको एउटा सुरक्षाको व्यवस्था यस्तो स्थापना गर्न जरुरी छ, जसले सबै मोर्चामा शान्ति र गतिशीलताप्रति मानवको प्रसारण हुन सकोस् ताकि राष्ट्रिय हितको अखण्डतामा कुनै आँच नआओस् भन्ने हो। राष्ट्रिय सुरक्षाको अवस्था अन्तर्राष्ट्रिय नीति, रणनीति, सुरक्षाको तयारी, आर्थिक नीति नै मुख्य विषय हुन जान्छ, जसले सुरक्षाको समस्यालाई नियन्त्रण राख्न सहायक भूमिका खेल्दछ।” (राना, २०६९)

"युद्ध भनेको यति गम्भीर विषय हो कि सैनिकहरूको विश्वासमा मात्र छोड्न सकिदैन । सरकारको सुरक्षा नीति र कार्यकुशलता, नेतृत्वको सञ्चालनमा नागरिकहरूको महत्त्व र विभिन्न प्रकारको विषयमा बुझेर विषय उठाउने गर्छन् ।" (किलिमन्सो)

यी माथिका दुई फरक भनाइले प्रष्ट पार्दछ कि सुरक्षाविषय कति सम्वेदनशील हुन्छ । राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय परिस्थितिको गहन अध्ययन गरी सरकारबाट लागू हुने राष्ट्रिय सुरक्षा नीतिले मात्र बलियो सुरक्षा संयन्त्र बनाउन मद्दत गर्दछ । राष्ट्रिय परिस्थिति भन्नासाथ सामाजिक, आर्थिक, धार्मिक, न्यायिक, प्रशासनिक, शैक्षिक, लैंगिक र समानतासहितको भेदभावरहित जातीय, क्षेत्रीय, भौगोलिक, राजनीतिक पक्ष सबैमा बलियो एकताको महशुस गरिएको हुनु पर्दछ । यसको वास्तविक अर्थ के हो भने कसैले पनि अपमानित हुनु हुँदैन । सबैको आ-आपनै क्षमता र परिस्थिति अनुसार मर्यादा र आत्मसम्मान रहेको हुन्छ । आत्मसम्मान नै मानिसको गहना हो । आर्थिक, सामाजिक, शैक्षिक, न्यायिक, लैङ्गिक समानताले मानिसलाई आत्म-सम्मानित भएको अनूभति गराउँदछ । यसमा अलिकति पनि आँच आउनासाथ देशमा आन्तरिक द्वन्द्वको खतराको घण्टी बज्न सुरु भैहाल्छ । आन्तरिक द्वन्द्वले नै देशको अधोगतिको मानकको रुपमा चित्रण गर्दछ । यसले देशको सुख, शान्ति र समृद्धिको चाहनालाई रोक्ने मात्र होइन, जनता जनतावीच नै कलह, द्वेष, ईर्ष्या, वैमनस्य पैदा गराउँछ । यसलाई रोक्ने एउटै मात्र उपाय हो, सबैमा भ्रातृत्व र अपनत्वको भावना जागृत गराउनु, जुन समानताको सिद्धान्तबाहेक अर्को विकल्प छैन । त्यसैगरी अन्तर र्राष्ट्रिय परिस्थिति भन्नासाथ बाह्य देशको अवस्था, पराष्ट्र नीति, कुटनीति, रणनीति, आर्थिक तथा व्यापारिक नीति आदि विषयमा अध्ययन विश्लेषण गर्नु हो । यही बाह्य र आन्तरिक सबै परिस्थितिलाई बुझेर मात्र परराष्ट्र नीति र राष्ट्रिय सुरक्षा नीति बनेका हुन्छन् । अनि मात्र देशको सही र भरपर्दो सुरक्षा नीति बन्दछ र यसै अनुसार युद्ध रणनीति बन्दछ अनि त्यसै अनुसार राष्ट्रिय सुरक्षाको लागि सेना तथा जनतालाई तयार पार्नु पर्दछ । (शिवाकोटी, २०७५)

व्यावसायिक र संगठित सेनाको निर्माण र राष्ट्रिय सुरक्षा नीतिको निर्माणअघि त्यसको विकाक्रमलाई न उधिनी सिधै आधुनिक सेनाको मात्र व्याख्या गरियो भने त्यो अध्ययन दुई खुट्टाविनाको लङ्गडो जस्तो हुन जान्छ । त्यसैले यस अध्ययनलाई जतिसक्दो जरासहितको रुख भनेझैं संगठित सेना निर्माण हुनु भन्दा अघिदेखिको विषयवस्तु खोतल्दै आधुनिक संगठित सेनाको आधार सम्मलाई खोतल्नु नै यस लेखको मुख्य ध्येय हो । सेना र युद्धको विषय मानव विकाससँगै खानाको खोजीसँग जोडिन्छ । जब खानाको अभाव बढ्दै जान्छ अनि सामूहिक वसोवास शुरु हुन्छ र अन्न तथा फलफूल जम्मा गरी जीविकोपार्जनतिर लाग्दछन् । त्यसैगरी खेतिकिसानी र पशुपालनको शुरुवातपछि निश्चित भूगोलमा एउटा मात्र नश्ल वा कुलवंशको वसोवास गर्ने परिपाटी बस्छ । त्यहाँ आफ्नो वंशका बाहेक अरुको प्रवेश अवैधानिक र निषेध मानिन्छ । यदि प्रवेश गरेमा उसलाई सिधै फाँसीको सजाय हुन्छ । यसै क्रममा दुई समुदायवीच युद्ध हुन्छ । यसरी नै मानव जीवन सम्बन्धी खोज अनुसन्धानले माथि उल्लेख गरिएझैं के पुष्टि गर्दछ भने मानव जातिले घुमन्ते र सिकारी युगपछि सामूहिक वसोवास गर्ने र जङ्गलबाट अन्नपात संकलन गर्न थालेको समय त्यति धेरै भएको छैन । जुन कार्य एक लाख पाँचहजार वर्षअघिदेखि शुरु भएको हो । त्यसैगरी एघार हजार पाँच सय वर्षअघिदेखि खेतिकिसानी गर्न थालिएको र पशुपालन गर्न भने झण्डै दशहजार वर्षदेखि शुरु गरेको हो भन्ने पूर्वानुमान गरिएको छ । यसलाई अझ यसरी व्याख्या गर्न सकिन्छ । उत्तरी ध्रुवमा सिंचाई गरेर खेतिपाती गर्ने गर्दथे भने दक्षिणी ध्रुवमा पशुपालन गर्दथे । अर्थात् उत्तरी ध्रुवका मानिसहरूले खेतिकिसानी गर्न जानेका थिए र पशुपालन गर्न जानेका थिएनन् । त्यसैगरी दक्षिणी ध्रुवका मानिसहरू पशुपालन गर्न जान्दथे र खेतिकिसानी गर्न जान्दैन थिए । संयुक्त वसोवास गरी खेतिकिसानी गर्ने, पशुपालन गर्ने क्रमसँगै सम्पत्ति संकलन गर्ने सुरक्षित स्थान र वासस्थान सँगसँगै सम्पत्तिको सुरक्षा चुनौती बन्दै गयो । विशेष गरेर ट्राइवलमा (आदिवासी/जनजाति शब्दको प्रयोग निकै विवाद देखिन्छ) आफ्नै कुलवंशको परिवारबाहेक अन्य जातिसँग युद्ध हुन थाल्दछ । आफ्नै समुदायको

सामूहिक वसोवास गर्ने र सामूहिक परम्परा र संस्कृतिको विकाससँगै छुट्टाछुट्टै भूगोलको निर्माण हुन्छ । जसलाई आफ्नै छुट्टै सम्प्रभुता सम्पन्न राज्य मान्दछन् । जहाँ आफ्नो भूगोलको लागि मार्न र मर्न तयार हुन्छन् । आज जुन आधुनिक सभ्यता वा राज्यसत्ताको विकास उपभोग गरिरहेका छौं, त्यही शुरुवाती नै आधुनिक राज्य निर्माणको ऐतिहासिक बीजारोपण हो भन्ने निष्कर्षमा पुग्नु नै यस अध्ययनको मूल उद्देश्य हो । जसलाई स्याभेज, बारबरिजम र सिभिलाइजेशन गरी तीन चरणको राज्य व्यवस्थालाई अंगीकार गरिएको छ । (मोर्गन, १८७७)

मोर्गनको 'एन्सियन्ट सोसाइटी' ले व्याख्या गरेको मानव समाजको विकास चरणमा नै राज्यको निर्माण र शान्ति सुव्यवस्था कायम गर्ने कार्यका लागि युद्ध कौशलको विकास भएको छ । त्यस समयमा कुनै पनि सेनाको विकास भएको थिएन । जनताको सुरक्षाका लागि एउटा काउन्सिल बनाइएको हुन्थ्यो र त्यस काउन्सिलमा एक जना प्रमुख रहन्थ्यो । त्यस समुदायको हकहित, सुरक्षा, न्यायनिसाफ लगायत सम्पूर्ण निर्णय उसैको रहन्थ्यो । ऊ नै त्यस गाउँ र समुदायका लागि प्रमुख रहन्थ्यो र उसले भनेको सबैले मान्नु पर्ने व्यवस्था रहेको थियो । यस विषयलाई अझ स्पष्ट पार्न मोर्गनको भनाइलाई जस्ताको तस्तै राख्नु उपयुक्त देखिन्छ ।

> *"Military operations were usually left to the action of the voluntary principle. Theoretically, each tribe was at war with every other tribe with which it had not formed a treaty of peace. Any person was at liberty to organize a war-party and conduct an expedition wherever he pleased. He announced his project by giving a wardance and inviting volunteers. This method furnished a practical test of the popularity of the undertaking. If he succeeded in forming a company, which would consist of such persons as joined him in the dance, they departed immediately, while enthusiasm was at its height. When a tribe was menaced with an attack, war-parties were formed to meet it in much the same manner. Where forces thus raised were united in one body, each was under its own war-captain, and their joint movements were determined by a council of these captains. If there was among them a war-chief of established reputation he would naturally become their leader. These statements relate to tribes in the Lower Status of barbarism. The Aztecs and Tlascalans went out by phratries, each subdivision under its own captain, and distinguished by costumes and banners. Indian tribes, and even confederacies, were weak organizations for military operations. That of the Iroquois, and that of the Aztecs, was the most remarkable for aggressive purposes."* (Morgan, 1877)

संगठित सेना निर्माण कहिले र कहाँ भएको थियो भन्ने अध्ययन अनुसार ईसा पूर्व ७४५–७२७ मा अक्कडियन साम्राज्यका संस्थापक अक्कडका सार्गनले पहिलो स्थायी व्यावसायिक सेना निर्माण गरेको मानिन्छ । जुन साम्राज्य हालको इराकमा रहेको थियो । (एन्सियन्ट हिस्ट्री अफ मेसोपोटामिया) यसबाट के प्रष्ट हुन्छ भने यस समयभन्दा पहिले कसैले पनि व्यावसायिक रुपमा सेनाको निर्माण गरेको थिएन र आफ्नो राज्य, समुदाय, सम्प्रभुता र भूगोलको रक्षाका लागि आफैं जनता नै स्वतःस्फूर्त रुपमा युद्ध मोर्चामा सहभागी हुन्थे । जुन कुरा नेपाल र अंग्रेज युद्धमा नालापानी किल्लामा आइमाई केटाकेटीले युद्ध मोर्चामा भाग लिएको इतिहासबाट अझ प्रष्ट हुन सकिन्छ । नेपालमा पनि पृथ्वीनारायण शाहको समयभन्दा अघि व्यावसायिक सेनाको निर्माण भएको तथ्यांकमा रहेको पाइएको छैन । त्यसैले विश्व मानव जातिले स्थायी वसोवास गर्नुअघि कठिनपूर्ण घुमन्ते जीवनलाई सहज बनाउन आफ्नै छुट्टै भूगोलमा सामूहिक वसोवास गर्न थालिएको हो । जुन भूगोल र आफ्नो समुदायको रक्षाका लागि युद्ध गर्नु परेको र यस कार्यमा सबै समुदायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालका वाइसेचौविसे राज्यकालमा समेत यही नियम लागु भएको भन्न सकिन्छ । त्यसैले जनता नै आफ्नो भूमि र सम्प्रभुताको लागि रक्षक र सुरक्षा कवच हुन् ।

यस अध्ययनको मुख्य उद्देश्य भन्नु जनता नै मुख्य सेनाका सूत्रधार हुन् र देशलाई परेको समयमा जस्तोसुकै परिस्थिति आए पनि पछि हट्दैनन् । जुन कुरालाई नेपाल-अंग्रेज युद्धले भरिएको इतिहासको पानाबाट

पुष्टि गरिसकेको छ । इतिहासको पानालाई फर्काएर हेर्‍यौं भने थाहा हुनेछ कि नेपाली जनताले कसरी आधुनिक हतियारयुक्त अंग्रेज सेनालाई परास्त गर्न सफल भए । के साँच्चै नेपाली जनताको साथ नभएको भए नेपाली सेनाले मात्र अंग्रेज सेनालाई परास्त गर्न सक्थ्यो ? यति मात्र होइन नेपाली सेनाको आधुनिकीकरण हुनुअघि कसरी नेपाली सेनाको निर्माण भएको थियो भन्ने ऐतिहासिक सत्यतथ्य खोजी गर्ने प्रयास गर्नु पनि यस अध्ययनको उद्देश्य रहेको छ ।

त्यसैगरी अध्ययन विधिको रुपमा विशेष गरी द्वितीय स्रोतलाई आधार लिइएको छ भने केही अन्तरवार्ता र केही अनलाइन मिडियालाई आधार बनाइएको छ । यसका लागि बम कुमारी बुढा मगर, स्व.बालाराम घर्ति मगर र अनलाइन मिडियासँग प्रत्यक्ष साक्षात्कार, भेटघाट र सोधिखोजी गरी विश्लेषणात्मक तथ्यांकलाई आधार मानिएको छ । अध्ययनको विषय नै धेरैजसो ऐतिहासिक पृष्ठभूमिको रहेको कारण पनि प्रथम तथ्यांकलाई लिन कठिन भएको हो । यही ऐतिहासिक पक्षलाई बढी तथ्यपरक र यथार्थपरक बनाउने उद्देश्यले केही अन्तरवार्ता र अनलाईन मिडियाको सहयोग लिनु परेको हो ।

यस अध्ययनमा विशेष गरेर नेपाली सेनाको ऐतिहासिक पृष्ठभूमि, राज्यको निर्माण, जनताको देशप्रतिको भूमिका, सम्प्रभुता, सार्वभौम राष्ट्र र यसको रक्षाका लागि गरिने विविध पक्षको गहन विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसैले यस अध्ययनलाई इतिहास अध्येता, सेना सम्बन्धी अनुसन्धाता, नेपाली सेना, कूटनीतिक विश्लेषक, राजनीतिक विश्लेषक तथा अन्वेषकहरूका लागि उपयुक्त खुराक बन्न सक्दछ । किन भने यसको अध्ययन नगरी कुनै पनि देशको आन्तरिक शक्ति मापन गर्न कठिन हुन्छ । कुनै पनि देशको परराष्ट्र नीति, कूटनीति, राजनीति, राष्ट्रिय सुरक्षा नीति, अन्तर्राष्ट्रिय कूटनीति तथा अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी ज्ञानले मात्र त्यो देशको राष्ट्रिय स्वार्थ र हित के हो भन्ने बुझ्न सकिन्छ । यसै आधारमा देशको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध बनेका हुन्छन् । त्यो देश कति शक्तिशाली छ भनेर बुझ्न भूगोल, जनता, सैनिक शक्ति, ऐतिहासिक पक्ष, सामरिक शक्ति, सेना, खनिज पदार्थ आदिमा निर्भर गर्दछ । त्यसैले यस अध्ययनमा विशेष गरेर यिनै पक्षलाई जोड दिएर विषय वस्तुलाई पर्गेल्ने कोसिस गरिएको छ ।

**राज्यको निर्माण**

मोर्गनको 'एन्सियन्ट सोसाइटी' ले राज्य वा स्टेट भनेर बुझेन । बुझोस् पनि कसरी ? खानलाउनमै घुमन्ते जीवन यापन गर्नु र युद्ध गर्नु पर्ने अवस्थालाई पार लाउन जङ्गल फाँडेर आफ्नो वंश चलाउन र जीवन निर्वाह गर्न गरिएको पशुपालन र खेतिकिसानीको युगमा राज्य भन्ने शब्द थाहा हुने कुरै भएन । कालान्तरमा त्यही वस्ती गाउँ, नगर हुँदै आधुनिक शहरमा परिणत भएको कुरालाई आत्मसात् गर्दै प्लेटो, अरस्तु जस्ता ग्रीक दार्शनिकहरूको गहन अध्ययन, अनुसन्धानपछि मात्र राज्यको परिभाषा दिन थालिएको हो । आज यही दर्शनरुपी राज्यलाई महत्त्व दिनुको अर्थ हो, आफू बाँचेको भूगोल नै असलमा ट्राइबलहरूले अनेक दुःखकष्ट पार गर्दै निर्माण गरेका राज्यरुपी भूगोलको रक्षा नगरी कोही कसरी सुरक्षित रहन सक्छ र ? यही राज्यको सुरक्षा खातिर अनेक युद्ध झेल्नु परेको छ । राज्य सार्वभौम सत्ता सम्पन्न र स्वतन्त्र नभई कुनै पनि राज्यलाई राज्य मान्न सकिंदैन । आफू बाँचेको भूगोलको रक्षा खातिर जनता सेनासँगसँगै हातमा हात काँधमा काँध मिलाएर युद्धभूमिमा डट्नु पर्ने अवस्था हिजो पनि थियो र भोलि पनि हुने नै छ । राज्यको शक्ति र तत्त्व भन्नु नै जनता, भूगोल, सम्प्रभुता र सरकार मुख्य हुन् । राज्यको शक्तिका स्रोतहरू पनि यिनै मुख्य हुन् र अन्यमा प्राकृतिक सम्पदा, औद्योगिक क्षमता, सैन्य तयारी, राष्ट्रिय चरित्र र मनोवल, कूटनीतिकको स्तर, सरकारको स्तर, राजनीतिक, आर्थिक तथा विचारधारात्मक शक्ति आदि मानिन्छन् । सम्प्रभुता भन्ने के हो र किन आवश्यक छ भन्ने कुरालाई एउटा उदाहरणबाट प्रष्ट पार्न सकिन्छ । सन् १९४७ को अगस्तभन्दा पहिले भारत राज्यका अन्य तीन तत्व जनसंख्या, क्षेत्रफल र सरकार हुँदाहुँदै पनि सम्प्रभुताको अभावले

गर्दा राज्य मानिँदैनथ्यो । त्यो मात्र उपनिवेश थियो । स्वाधीनतापछि भारतले सम्प्रभुता प्राप्त गऱ्यो र त्यो पूर्ण राज्य कहलायो । यिनै कुराले राज्यको शक्तिको निर्धारण गर्दछ अनि राष्ट्रिय राजनीतिमा पारेको प्रभाव मूल्यांकन गरिन्छ । यसै सिलसिलामा राज्य के हो र किन आवश्यक छ भन्ने कुराको स्पष्टता हुनु जरुरी छ । त्यसैले यहाँ आधुनिक विद्वानहरूको भनाइलाई राख्नु उपयुक्त ठहरिन सक्दछ ।

राज्य भन्नासाथ आधुनिक राजनीतिक विश्लेषकहरू द्वारा प्रतिपारित परिभाषाबाट बुझ्न सकिन्छ । त्यसैले यसको अर्थ यही आधुनिक परिभाषाबाट बुझ्नु आवश्यक छ । राज्य भन्नाले मानव जातिले जहाँ कुनै खास समयसम्म वसोवास गर्छ, त्यहाँ संगठन र सत्ताको उदय भैछाड्छ र जहाँ संगठन र सत्ता हुन्छ, त्यहाँ राज्यको वीज हुन्छ । यो एउटा प्राकृतिक र आवश्यक संस्था हो । त्यसैले प्राचीन ग्रीक दार्शनिक अरस्तुले यसलाई “मनुष्यको नितान्त आवश्यकताको पूर्तिका लागि अस्तित्वमा आएको र यो असल जीवनका लागि कार्यरत छ” भनेका छन् । यस परिभाषाले सबै पक्ष र तत्त्वलाई संगाल्न नसक्नु नै यसको कमजोरी मानिएको छ । आधुनिक विद्वानहरूमध्ये मेकाइवरका भनाइलाई उत्तम मानिन्छ । मेकाइवरका अनुसार “राज्य यौटा संघ हो, जसले सरकाद्वारा प्रसारित ती नियमहरूको माध्यमबाट कार्य गर्दछ, जसलाई पालन गराउने उद्देश्यले सरकारलाई बाध्यकारी शक्ति प्राप्त छ तथा जसले कुनै निश्चित भू-खण्डको सामाजिक स्थितिको सर्वव्यापी बाह्य सुव्यवस्था बनाई राख्दछ ।” (पोखरेल, २०७५)

राज्यको परिभाषालाई आधुनिक राजनीतिक भाषामा बुझ्नुअघि एक पटक प्राचीन मानव वस्तीलाई केलाएनौ भने मानव जातिले अहिले वसोवास गरिरहेको राज्यलाई बुझ्ने क्षमतामा प्रश्न उठ्न सक्छ । साँच्चै भन्दा के त्यस समयका मानव जातिले कल्पना गरेका थिए होलान् ? आज हामीले वस्ती वसाउन शुरु गरेको सांघुरो घेराको भूगोल भोलि विशाल राज्यमा परिणत हुनेछ ? त्यसो भए कस्तो थियो त ? त्यस समयको वास्तविक मानव वस्ती विकास जसले राज्यको रुपमा विकास गर्न मद्दत गऱ्यो ।

> *"Their territory consisted of the area of their actual settlements, and so much of the surrounding region as the tribe ranged over in hunting and fishing, and wereable to defend against the encroachments of other tribes. Without this area was a wide margin of neutral grounds, separating them from their nearest frontegers if they spoke a different language, and claimed by neither; butless wide, and less clearly marked, when they spoke dialects of the same language. The country thus imperfectly defined, whether large or small, was he domain of the tribe, recognized as such by other tribes, and defended as such by themselves."* (Morgan, 1877)

यहाँ यो राज्य अन्तर्गतको प्रसंग उठान गर्नु किन पनि जरुरी रह्यो भने पहिला त राज्य भनेको के हो र किन आवश्यक छ भन्ने मात्र नभएर स्वतन्त्रताको प्रश्न किन आउँछ भन्ने बुझ्नु महत्त्वपूर्ण छ । यदि कुनै पनि राज्य कसैको अधीनमा रहन पुग्यो भने त्यो राज्य नभएर उपनिवेश वा अन्य कुनै नामले मात्र पुकारिन्छ । त्यसैकारण नेपाली जनता आफ्नो देश स्वतन्त्र राख्न के मात्र गर्न सक्दैनन् भन्ने इतिहासको पाना पल्टाए अरु व्याख्या आवश्यक छैन । यसैले एउटा देशका लागि सधैं असल र शक्तिशाली जनता नै एउटा देशको महत्त्वपूर्ण शक्ति हो भन्ने तथ्य राजनीतिक अध्ययनले प्रस्ट्याएको छ ।

### काला पल्टन र गोरा पल्टन

नेपालको आधुनिक नेपाली सेनाको ऐतिहासिक पृष्ठभूमिलाई खोतल्दा शुरुवातमा गोरखा पल्टनको रुपमा सन् १७४४ (वि.सं. १८०१) मा गोरखामा स्थापना गरिएको थियो । इतिहासकार दिनेशराज पन्तका अनुसार पृथ्वीनारायण शाहले यही सेनाको शक्तिले सन् १७४४ मै नुवाकोट र काठमाडौं कब्जा गरेका थिए । गोरखा राज्य सन् १५५९ (वि.सं. १६१६) बनेको १८५ वर्षपछि मात्र गोरखा पल्टन बनेको देखिन्छ । जसलाई नेपाली सेनाको प्रथम संरचनाको रुपमा लिइएको छ । (Khanal, 2023)

नेपालको इतिहासमा नेपालको पहिलो संगठित र व्यवसायिक सेना भनेर गोरखा राज्यको गोरखा पल्टनलाई बुभिन्छ । नेपालमा बाह्रौ शताब्दिदेखि बाइसेचौविसे राज्यहरू अस्तित्वमा रहेका थिए । त्यसै अन्तर्गत गोरखा राज्य पनि एक महत्त्वपूर्ण मानिन्छ । यिनै भुरेटाकुरे स-साना राज्यहरूलाई एकीकरण गर्ने हेतु पृथ्वीनारायण शाहले सेना निर्माण गर्ने सच्चा उद्देश्यले यो सेनाको विकास भएको हो । तर यहाँ के प्रश्नको निवारण गर्न अनिवार्य छ भने सेनाको ऐतिहासिक व्याख्या गर्ने सिलसिलामा काला पल्टन र गोरा पल्टनको कुरालाई चटक्कै भुलियो भने इतिहासको अवमूल्यन हुनेछ । किनभने आज जुन नेपाली सेना अन्तर्गत हनुमान ढोकामा रहेको गुरुज्यू पल्टन रहेको छ, यही काला र गोरा पल्टनसँग इतिहास जोडिएर आउँछ । त्यसैले यदि नेपाली सेनाको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा यी दुई पल्टनलाई चटक्कै छोड्ने हो भने बाआमाविनाका सन्तान भने जस्तै हुनजान्छ । बाआमाको परिचय नखुलेसम्म सन्तानले नागरिकता प्राप्त गर्न कानुनी बाधा रहेको छ । त्यसैगरी काला पल्टन र गोरा पल्टनको कुरा पूर्ण नभएसम्म गुरुज्यू पल्टनको व्याख्या अधुरो हुन्छ र गुरुज्यू पल्टनको कुरा पूर्ण नभएसम्म आधुनिक नेपाली सेनाको व्याख्या अपूर्ण हुन्छ । त्यसैले काला पल्टन र गोरा पल्टनको विषय उठान नेपाली सेनाको इतिहासको विषयसँग जोडिएकाले यसको प्रसंग बाध्यता जस्तो हुन गएको हो । यो काला पल्टन र गोरा पल्टनको विषय उठान गर्ने विद्वानहरू हुनुहुन्छ स्व.बालराम घर्ती मगर र बम कुमारी बुढा मगर । यी दुई पल्टन मगरात क्षेत्रका हुन् भन्ने मान्नुहुन्छ उहाँहरू । बम कुमारी बुढाले त ती पल्टनका तालिम स्थान दाङ जिल्लाको देउखुरी उपत्यकामा पर्ने भालुबाङ बजार नजिक राप्ती नदी पूर्व कालाकाटे हो भनेर “मौला ल घोन” पुस्तकमा उल्लेख समेत गर्नु भएको छ । यो दुई पल्टनको विषयमा यसरी व्याख्या भएको छ :

“मगरात क्षेत्रमा काला शेष र गोरा शेष भन्ने दुई छुट्टाछुट्टै भूभागको नाम प्रचलित रहेको प्रसंग आउँछ । यो त्यस समयको शासन केन्द्र हो भन्ने बुढापाकाहरूको भनाइ रहेको छ । यसै प्रसंगमा अथार (अठार) र बाह्र वटा राज्य बन्नु पहिले ‘रिडी’ पश्चिम मोलपा (काला क्षेत्र) र पूर्व पालपा (गोरा क्षेत्र) केन्द्रबाट नै अथार (अठार) र बाह्र वटा राज्यको अवधारणा विकसित भई भिन्नै भाषा, संस्कृतिको विकास हुँदै गयो । साविक राज्यहरूलाई नै काला क्षेत्र अथार (अठार) मगरातको जङकोई दे (जङकोट राज्य) रोल्पा र गोरा क्षेत्र बाह्र मगरातको गोरखा राज्य हुन्, जसलाई काला शेष र गोरा शेषभनी बोलाइन्थ्यो । काला शेषका अन्तिम राजा दारया जैतम काला मगर र गोरा शेषका अन्तिम राजा मानसिङ खड्का मगर थिए । आठौं शताब्दिमा काला शेषका राजाको सबै परिवार दैवीप्रकोप पहिरोमा परी विनाश भएपछि राज परम्परा अन्त्य भई जनताद्वारा लोकतान्त्रिक सहमतिको शासन निरन्तर चल्दै रहयो भने गोरा शेषमा एकात्मक केन्द्रीकृत शासन निर्माण भई गोरखा राज्य काठमाडौंमा राजधानी स्थापना गरियो । पृथ्वीनारायण शाहले गोरखा राज्यको राजधानी काठमाडौंमा स्थापना गर्नुपूर्व काला पल्टन र गोरा पल्टन नामक दुइवटा मगर जातिका सैनिक संस्थाहरू गठन गरिए । नेपालको एकीकरणको सन्दर्भमा काठमाडौंको हनुमान ढोकामा गठन गरिएको काला पल्टनका सिपाहीहरूलाई भैंसीको मासु र तीनधारा पाकशालामा रहेका गोरा पल्टनका सिपाहीहरूलाई सुंगुरको मासु खान्की दिने गरिन्थ्यो । वि.सं. १९०३ को कोत पर्वमा जंगबहादुर राणाले काला पल्टनको सहयोग लिएका थिए । उनले १९०८ मा बेलायत भ्रमण गरी राजनीतिक संरचनामा सैन्य शासनको परिकल्पना गरी स्वदेश फर्केपछि वि.सं. १९१२/१३ सालतिर काला पल्टनलाई गुरुङ जातिमा काली बहादुर गण नाममा रुपान्तरण गरी साविक काला पल्टनलाई गोरखाली फौजको रुपमा नेपालको आन्तरिक सुरक्षामा राखियो । गोरा पल्टनलाई हालको छाउनी काठमाडौंमा स्थापना गरियो । हाल हनुमानढोकामा रहेको काला पल्टनका सिपाहीहरूलाई गुरुज्यूको पल्टन पनि भनिन्छ । काला पल्टन हनुमानढोका-भूगोल पार्क र गोरा पल्टन तीनधारा पाकशाला, दरवार मार्गमा स्थापना गरी उपत्यका वरिपरि नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, मकवानपुरका विभिन्न केन्द्रमा स-साना सैनिक टुकुडीहरू राजधानी नजिक धेरै ठाउँमा व्यवस्थापन गरिए ।” (बुढा मगर, २०८१)

आधुनिक नेपाली सेनाको संरचनामा माथि उल्लेख गरिएका दुई पल्टनको प्रसंग कतै जोडिएको पाइँदैन । नेपाल एकीकरणअघि पृथ्वीनारायण शाहले स्थापना गरेका मुख्य चार पल्टनहरू हुन् - श्री नाथ पल्टन, कालीबक्स पल्टन, बर्दाबहादुर पल्टन र सबुज पल्टन । यी चार पल्टनहरू सबभन्दा पुराना नेपाल एकीकरणअघि स्थापना गरिएका पल्टनहरू मानिन्छन्, जसको स्थापना सन् १७६२ सालमा भएको मानिन्छ । आधुनिक नेपालको एकीकरणमा यी पल्टनहरूको मुख्य भूमिका रहेको थियो । त्यसैगरी अर्को पुरानो मध्येको पल्टन मानिन्छ – पुरानो गोरख पल्टन, जसको स्थापना सन् १७६३ भएको मानिन्छ । यी सबै पल्टनमा सेनाका रुपमा गुरुङ्ग, मगर, ठकुरी र क्षेत्री जातिहरू भर्ना हुने गरेका थिए । यी पल्टनहरूमध्ये सबुज पल्टनलाई धार्मिक, सांस्कृतिक तथा चाडपर्वहरूमा परम्परागत बाजा बजाउने औपचारिक भूमिका रहेको थियो । हाल आएर यसको कार्य गुरुज्यू पल्टनबाट हुँदै आएको छ । यस कुरालाई सन् २०१६ मा अनलाइन खवरमा प्रकाशित लेखबाट अझ बढी स्पष्ट हुन सकिन्छ । जस अनुसार –

> *The Guruju ko Paltan is a platoon of soldiers who march in two or three lines leading processions as they play ethnic tunes on traditional instruments such as the bansuri, dhol, jhyali, tammal and the naumati.The platoon's history can be traced to the time of Prithivi Narayan Shah, the king credited with unifying then Nepal divided into princely states. There are those who say that the platoon had such close ties with the king, that their attire reflected their respect for Shah.* (Onlinekhabar, 2016)

बम कुमारी बुढा मगरले उल्लेख गर्नु भए अनुसार काला पल्टन नै कालान्तरमा गुरुज्यू पल्टन हुन गएको हो । दुवै सबुज पल्टन र गुरुज्यू पल्टनको कार्य समान प्रकृतिको रहेकाले यी दुबै पल्टन एउटै हुनुपर्ने अनुमान गरिन्छ । मूलतः पृथ्वीनारायण शाहले आशानाथ गुरु (पुजारी) को नामबाट सबुज पल्टनको स्थापना गरेका थिए ।

**पुनर्वास कार्यक्रम**

“उप्रान्त ॥ यो राजे दुई ढुङ्गाको तरुल जस्तो रहेछ । चीन वादसाहसित ठुलो घाहा राष्नु । दषिनको समुन्द्रका वादसाहसित घाहा ता राष्नु तर त्यो महाचतुर छ, हिन्दुस्थाना दवाई राषेछ, सरजिमीमा परिरहेछ । हिन्दुस्थाना जाम्यो भन्या कठिन पर्ला भनि किल्ला षोजन आउन्या छ, सन्धी सर्पन हेरि गढि तुल्याई राष्नु र रस्ता रस्तामा भाजा हालि राष्नु र यक दिन त्यो वल आउन्या छ जाई कटक् नगर्नु झिकी कटक् गर्नु र चुरे घाटिमा षुपै काटिन्या । पाच सात पुस्तालाई षजना पनि मिल्नेछ । श्रीगंगाजीको साध पनि लाग्नै छ ।” (अर्ति, २०८१)

कुनै पनि राष्ट्रको हित वा स्वार्थ के हो भन्ने स्पष्ट भएपछि मात्र आफ्नो देशको राष्ट्रिय सुरक्षा नीति बन्नु पर्दछ भन्ने विषय माथि नै आइसकेको छ । माथि उल्लेखित पृथ्वीनारायण शाहको दिव्य उपदेशबाट साभार गरिएको पंक्तिबाट नै स्पष्ट हुन्छ कि तत्कालीन हिन्दुस्थान (भारत) छिमेकी देशको स्वार्थ कस्तो छ भन्ने । पृथ्वीनारायण शाहका सन्तति महेन्द्र वीरविक्रम शाहलाई यस विषयमा जानकारी नहुने कुरै भएन । भन्न त विरोधीहरूले नकारात्मक रुपमा महेन्द्रको राष्ट्रवाद भन्दै व्यंग्य नगरेका होइनन् । औलोको प्रकोपको कारण नेपालको तराई भूभाग खाली रहन गएको र त्यहाँ कोही गएर वस्ती बसाउन पनि तयार थिएनन् । अर्कोतिर पहाडी भूभागमा बाढी, पहिरो, अनिकाल जस्ता प्राकृतिक प्रकोपले जनजीवन असमान्य हुँदै गइरहेको थियो । एकातिर पहाडका जनता भोकभोकै मर्नु पर्ने अवस्था, बाढीपहिरोबाट घरवारविहीन हुनु परेको थियो भने अर्कोतिर तराई जस्तो खेतियोग्य समथर जमिन त्यसै खेर गइरहेको परिस्थिति देखा परिरहेको थियो । देशमा खाद्यान्नको अभाव, आम्दानीको स्रोतको खोजी, सुकुम्बासी समस्या, बाढीपहिरोबाट प्रताडित जनता आदि विविध समस्या समाधानका लागि एउटै मात्र उपाय थियो तराई जस्तो उर्वर (उब्जाउ) भूमिको सही उपयोग । उपयोगविहीन उर्वर जमिनको वहुउपयोगिताको ज्ञानको बोधले एकातिर देशको आफ्नो भूमिको रक्षाको सुनिश्चितता मानव वस्तीबाट सम्भव हुने कुराको बोध गरिएको थियो भने अर्कोतिर प्रशस्त अन्न तथा फलफूल उत्पादन गरेर देशमा आर्थिक उन्नतिको परिकल्पना गरिएको थियो र देशमा

अन्नको अभाव पूर्ति गर्ने उद्देश्य राखिएको थियो । यति मात्र होइन देशमा व्याप्त गरीवी, भोकमरी र सुकुम्वासीको समस्या समाधान समेत पहाडबाट तराई भूभागमा वसाइसराइले हुने देखी महेन्द्र वीरविक्रम शाहदेवबाट वि.सं. २०१३ सालदेखि पुनर्वास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो । त्यसैको केही अंश उपयुक्त हुने ठहरी प्रस्तुत गरिएको छ :

> "जमिन नभएका किसानहरूलाई प्राथमिकता दिई नयाँ क्षेत्रमा बसोवास गराई उनीहरूलाई व्यवस्थित रुपमा जीवन निर्वाह गर्न आवश्यक साधन जुटाइदिने र उनीहरूबाट नयाँ जमिनमा खेतिपाती गराई बढ्दो खाद्यान्नको माग आपूर्तिमा टेवा पुऱ्याउने दृष्टिकोणबाट पुनर्वास कार्यक्रम शुरु भएको थियो । तर पछि पुनर्वासको माध्यमबाट बसोवास गराई खेतीयोग्य भएका जग्गाहरूको आवाद गरी उत्पादन बढाउने दृष्टिकोणबाट साथै जनसंख्याको बढ्दो चापले पहाडी भेगबाट तराइतर्फ जग्गाको खोजीमा झर्ने परिवारहरूले बसोवासको लागि जंगल फडानी गरी अव्यवस्थित रुपमा बसोवास गर्ने प्रक्रिया सूरु भएकाले त्यसलाई व्यवस्थित रुपले बसोवास गराउने, दैवीप्रकोप वा अन्य विभिन्न कारणहरूबाट विस्थापित परिवारहरूलाई बसोवासको व्यवस्था गर्ने र पहाडबाट तराइतर्फ बसोवास गर्न बसाई सर्ने प्रवृत्ति कम गर्न आर्थिक दृष्टिले उपयुक्त हुने किसिमको बसोवास कार्यक्रम संचालन गर्नु पर्ने आवश्यकताको पृष्ठभूमिमा पुनर्वास कार्यक्रम सञ्चालन हुँदै आएको छ । पहिलो योजना अन्तर्गत राप्ती दुन क्षेत्रको पचास हजार बिगाहा उब्जाउ योग्य भूमिमा पुनर्वास गराउने उद्देश्यबाट राप्ती दुनमा पुनर्वास कार्यक्रम सञ्चालन कार्य २०१३ सालमा सुरु गरी पहिलो योजनाकालभित्र ५ हजार परिवारलाई १० हजार हेक्टर जमिनमा बसोवास गराइएको थियो । बि.सं. २०१८ सालमा वन कन्जरभेटरको एक सदस्यीय आयोगको व्यवस्था गरी वन अतिक्रमण गरी बसेकाहरूलाई बसेका ठाउँमा बसाउने र नियमित गर्ने कार्य गरियो । तत्पश्चात् योजनाबद्ध रुपमा नै पुनर्वास कार्यक्रम सञ्चालनका लागि संस्थागत निकायकै व्यवस्था गर्न दोस्रो योजनाकालमा कम्पनी ऐन, २०२१ अन्तर्गत गर्नु पर्ने महशुस गरियो । तेस्रो योजनाकालमा पुनर्वास कार्यक्रम सञ्चालन गर्न पुनर्वास विभागको स्थापना गरियो भने बढ्दो बसोवासको समस्यालाई दृष्टिगत गरी अचल बसोवास समिति र क्षेत्रीय बसोवास योजना समेतको व्यवस्थाबाट र वन विभाग समेतबाट पनि बसोवास गराउने कार्य गरियो । पुनर्वास कम्पनी मार्फत बांके, बर्दिया, कन्चनपुर, झापा र नवलपरासीमा पुनर्वास योजना संचालन गरी बसोवास गराइयो र शिक्षा, स्वास्थ्य, कृषि विकास र खानेपानी आदिका सुबिधाहरू क्रमशः जुटाउने व्यवस्था गरियो । दोस्रो योजनादेखि छैटौं योजनासम्म जम्मा ८० हजार ६५७ परिवार बसोवास र उपलब्ध गराइएको जग्गा ७४ हजार ४३० हेक्टर रहेको छ ।" (पंचायत स्मारिका, २०४३)

पुनर्वास कार्यक्रमको मुख्य उद्देश्य खेतियोग्य जमिनको खोजी गरी उत्पादन बढाउने, बढ्दो जनसंख्यालाई व्यवस्थापन गर्ने र दैवीप्रकोप जस्ता प्राकृतिक प्रकोपबाट बिस्थापित जनतालाई बस्ने व्यवस्था मिलाउने सराहनीय कार्यबाट उत्प्रेरित रहेको छ। पहाडबाट तराइमा वसाइसराइले बिस्थापित मानिसको व्यवस्थापन र उब्जाउ भूमिमा उत्पादन गरेर देशको अर्थतन्त्र उकास्ने कार्य मात्र गरेको छैन । यसले पहाड र तराइवीच रहेको जनसाङ्खिकीय सन्तुलन मिलाउने कार्यमा समेत मद्दत गरेको छ । त्यस समयमा तराई क्षेत्रमा औलोको कारण झण्डैझण्डै मानववस्तीविहीन हुने अवस्था थियो भने पहाडमा अति मानव वस्तीका कारण सरकारले दिनु पर्ने सेवा प्रवाहमा समस्या परिरहेको थियो । पहाडको अप्ठ्यारो भूखण्ड र कम उत्पादनको कारण भोक, रोग, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोप र यातायातको असुविधाको कारण समयमा आवश्यक सहयोग जुटाउन कठिन हुनु स्वभाविकै हो । यस्तोमा सरकारसँग अर्को विकल्प नभइरहेको अवस्थामा त्यो समस्यामा फसेका जनतालाई पुनर्वासमार्फत व्यवस्थित कार्यक्रमले जनता र सरकार दुबैलाई राहतको अनुभूति भएको पक्कै अनुमान गर्न सकिन्छ । हाल आएर नेपालमा ठ्याक्कै तर विपरीत जनसाँखिकीय असन्तुलनको समस्या दोहोरिन पुगेको छ । पहिले पहाडमा जनसंख्या बढी भएर समस्या परिरहेको थियो भने हाल आएर तराइमा जनसंख्या बढी भएर समस्या आइरहेको छ । पहाडमा जनसंख्या कम भएर गाउँ नै खाली हुने अवस्था देखा परेको छ । यस्तो हुनुमा पहिलो त वैदेशिक रोजगारको अवसर

हो भने दोस्रो विविध अवसर र सेवासुविधाको खोजी । फेरि यस असन्तुलनलाई नमिलाउने हो भने देशमा भयावह स्थिति नआउला भन्न सकिन्न ।

**जनता नै सिपाही हुन्**

एन्सिएन्ट सोसाइटीमा मोर्गनले व्याख्या गरे जसरी ट्राइबलहरूले सामूहिक बसोवास गरी भौगोलिक सीमाभित्र रहेर आफ्ना वंश परम्परा र संस्कारलाई जीवित राख्न शत्रुपक्षसँग संघर्ष गर्नु परेको थियो । त्यस समयमा एकातिर खानाको बन्दोवस्ती गर्नु र अर्कोतिर कुलवंश र भूगोलको रक्षाका लागि गरिएको संघर्ष हुँदै अगाडि बढेको कष्टपूर्ण मानवीय जीवनलाई फर्किएर हेर्दा जो कसैको आङ सिरिङ्ग हुन्छ । त्यही कुलवंश परम्परालाई जीवन्त बनाउँदै सिक्दै गरेका अनुभवरुपी ज्ञानले नै एउटा आधुनिक सभ्य समाजको निर्माणको जग बन्न पुग्यो । आफ्नो कुलवंश र भूगोल कति प्यारो हुन्छ र त्यसको रक्षाका लागि आफ्नो ज्यानको आहुति दिन तयार हुन्छन् भन्ने ज्ञान प्राप्त गर्न एन्सिएन्ट सोसाइटीका इन्डियन ट्राइवल तथा विभिन्न पश्चिमी देशहरूका ट्राइबलका अध्ययन र नेपाली समाजभित्र मगर, तामाङ्ग, थारु, गुरुङ्ग, ठकुरी आदि समुदायको गहन अध्ययनबाट सिक्न सकिन्छ । किनकि शुरुवाती संयुक्त र सामूहिक बसोवास उनीहरूबाटै भएको हो । जुन कुरा एन्सिएन्ट सोसाइटीका लेखक मोर्गनको खोजअनुसन्धानबाट प्रष्ट हुन्छ । ट्राइबलहरूका ज्ञान भनेको देखेभोगेका र अनुभवबाट सिकेर त्यसैलाई जीवन निर्वाहका रुपमा परम्परागत रुपमा उपभोग गर्दै आएको हो । भाषा, संस्कार, संस्कृति, परम्परा यसैका उपज हुन् । उनीहरूबाटै राज्यको निर्माण, युद्धकौशल, समाज व्यवस्थापन, सामाजिक चालचलन, रीतिरिवाज, प्रजातान्त्रिक शासन व्यवस्था, नेतृत्व छनोट, सरकार प्रमुख, सम्पत्ति स्वामित्वको हकभोग हस्तान्तरण आदिका सम्पूर्ण ज्ञान सामूहिक बसोवाससँगै सुरु हुँदै आएका हुन् । सेनाको निर्माण, हातहतियार निर्माण र त्यसको प्रयोग तथा युद्धकौशलका ज्ञानहरू उनीहरूबाटै आएका हुन् । जुन समयमा सेनाको व्यावसायिक संगठन निर्माण भएको थिएन, त्यस समयमा जनता नै असली सेना हुन् भन्ने ज्ञान एन्सिएन्ट सोसाइटीबाट सापटी लिन सकिन्छ ।

अब नेपालको सम्बन्धमा जनता कसरी सेना हुन् भन्ने विचारको मन्थनमा लागौं । नेपालका प्रमुख ट्राइबल (प्रमुख बासिन्दा मगर, तामाङ्ग, थारु, गुरुङ्ग, ठकुरीहरू नै प्रमुख हुन् । जसलाई पुष्टि गर्न ऋक्सेन थापा वंशावली र मगर गुरुङ्ग वंशावली अध्ययन गर्दा नै प्रष्ट हुन्छ । यस कुरालाई पुष्टि गर्न भारतबाट समुद्री भूभाग छुट्टिएर नेपाल खण्डको भूभाग अध्ययन गर्न बाँकी छ । जुन कुराले यसलाई पुष्टि गर्नमा मद्दत गर्नेछ । सेना को थिए भन्ने कुरालाई यसले पनि बलियो तर्क पेश गर्न सक्दछ । जस्तोः ऋग्वेदका ऋचाका सेनाले युक्त भया र ऋक्सेन कहिया । (ऋक्सेनवंशावलि, १९६४) त्यसैगरी मगर सेनाका रुपमा काला शेष र गोरा शेष । (बुढा मगर, २०८१) साथै तामाङ्ग पनि एक प्रकारले घोडचढी सेना थिए । तिब्बती भाषामा तामाङ्गको अर्थ घोडा ब्यापारी हुन्छ र उनीहरू घोडचढीमा निपुण मानिन्छन् । अर्थात् जहाँ जुन जातिको राज्य थियो, त्यहाँका जनता नै आफ्नो राज्यको रक्षाका लागि आफैं युद्ध लड्थे र उनीहरूभित्रै कसैले सेनाको नेतृत्व गर्थ्यो । अथवा नेतृत्वविना पनि संयुक्त युद्धमा होमिने गर्दथे । मगर बाहुल्य क्षेत्रमा रहेका कोतहरूमा कोत पूजा गर्ने र हातहतियार पूजा र त्यसको प्रदर्शन गर्ने चलनले पनि के कुरालाई पुष्टि गर्दछ भने कोतघरमा हतियार राखिन्थ्यो र युद्धको समयमा त्यसैलाई प्रयोग गरिन्थ्यो । मगर, गुरुङ्गहरूले नवदुर्गाको अष्टमीको दिन कोतमा गएर दुर्गा देवी र हातहतियारको पूजा गर्ने क्रममा वलि दिने चलन अद्यापि कायमै छ । जुन समयको जनता नै सेनाको कुरा आउँछ, त्यस समयमा सेना भनेर छुट्टै व्यवस्था नहुने भएको कारण शत्रु अपरझट आइलागेको समयमा उपस्थित नहुने भएको कारण शत्रु पक्षले राज्य कब्जा गर्ने वा युद्ध जित्ने सम्भावना बलियो रहन्थ्यो । त्यही कुरालाई मध्यनजर गरेर नै पृथ्वीनारायण शाहले गोरखा सेनाको निर्माणमा लाग्नु पर्‍यो । यही शक्तिको भरमा नेपाल एकीकरण सम्भव भएको हो । सेना निर्माण गर्दा सबै जातिलाई समेट्नु भनेका छन् । त्यसमा पनि छुटाउनै नहुने जातिहरूमा मगर, गुरुङ्ग, ठकुरी र क्षेत्रीलाई भनी ठम्याएका छन् । (दिव्य उपदेश, १८८१)

स्थान विशेष अनुसार विभिन्न क्षेत्रका जनताले आ-आफ्नै तरिकाले सहयोग पुऱ्याएका हुन्छन् । जस्तोः मगर, गुरुङ्ग, ठकुरी र क्षेत्री आदिले सेनामै रहेर देशलाई सहयोग गरेका छन् भने अन्य क्षेत्रका जनताले समय परिस्थिति अनुसार सहयोग गरेका छन् । उदाहरणको रुपमा सन् १७९२ मा चिन तिब्बत र नेपालबीच युद्ध भएको थियो । त्यस युद्धमा मुस्ताङ्गका थकालीहरूले खुलेर सहयोग गरेको कुरा उल्लेख गरेका छन् । थकालीहरू आर्थिक रुपमा सम्पन्न छन् । आर्थिक रुपमा सम्पन्न जोकोही पनि खुशी रहन्छन् । खुशी हुनु भनेको देशप्रति पनि माया रहनु हो । त्यस युद्धमा उनीहरूले नेपाली सेनालाई दिल खोलेर सहयोग गरेका थिए । स्थानीयहरू बाटो देखाएर, खान बस्न दिएर र शत्रु चिनाएर सहयोग गरेका थिए । (Thakalis in Nepal-Tibet War, लेफ्टिनेन्ट कर्नेल विश्व गौचन, The Himalaya Daily, August 31, 2021) त्यसरी नै ठाउँ विशेषता अनुसार देशलाई आवश्यक परेको समयमा सबै जनताले आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याइरहेको कुरा हामीले बिर्सनु हुँदैन ।

**जनताको साथ र सहयोगले देश निर्माणमा सहयोग पुग्छ**

देश निर्माणमा जनताको अहम भूमिका रहेको हुन्छ । त्यसलाई प्रयोग गर्न सक्ने क्षमतामा भर पर्छ सरकार प्रमुखको । यदि राज्यले जनताको सही सदुपयोग गर्न जान्यो भने देश निर्माण गर्न कुनै कठिनाइ हुँदैन । त्यस कुरालाई पुष्टि गर्न पृथ्वीनारायण शाहलाई लिन सकिन्छ । जस्तोः पृथ्वीनारायण शाह आफ्नो एकीकरण प्रयासमा किन सफल भए भन्ने कुराको विश्लेषण गर्दा तिनताक शान्ति सुरक्षा र निश्चित जीवनको प्रत्याभूति पाउन आतुर रहेका सबै जनताको मनोभावना बुझ्न र तदनुरुपका व्यवस्था मिलाउन सक्ने नेतृत्व दिन सक्ने पृथ्वीनारायण शाहको उल्लेखनीय प्रतिभा र खुवी नै सफलताको प्रमुख कारण देखिन्छ । आफूलाई साथ दिनेको कल्याणमा दत्तचित्त रहने पृथ्वीनारायण शाह आफ्ना शत्रुहरूप्रति पनि मानवीय भावना राख्दथे । राज्य व्यवस्थाको एकीकरण र विस्तारमा समर्पित सैनिक र सन्तुष्ट जनताको ठूलो भूमिका हुन्छ । फौजको निर्वाध वफादारी कायम राख्ने उद्देश्यले फौजमा काम गर्नेहरूले रोजीरोटीको समस्या बेहोर्नु नपरोस् भनी उनीहरूलाई जग्गाको बन्दोवस्त गर्ने, दर्जा बढाउँदा उनीहरूले कति लडाइँ लडे, कति खलि खाए भन्ने मूल्याङ्कनका आधारमा बढाउने र अफिसरका छोराछोरीहरूलाई उमेर नपुगुन्जेल सरकारबाटै तालिम दिने व्यवस्था गरिन्थ्यो भने लडाकु जातका सबैलाई सेवामा लिनाले सेनाको बफादारी राज्य विस्तारका गतिविधिमा काम आउँथ्यो । विस्तारित वा विजीत क्षेत्रका जनताको सहयोग र सद्भाव बटुली हार्नेलाई पनि जितको भावना दिलाएर राष्ट्रिय एकीकरण प्रयासमा उनीहरूलाई सहभागी बनाउन श्री ५ पृथ्वीनारायणको राज्य सञ्चालनका प्रक्रियाहरूले अत्यन्तै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । राज्यको एकीकरण प्रक्रियाले सैनिक, राजनीतिक, न्यायिक, प्रशासनिक र सांस्कृतिक तथा धार्मिक एकीकरण खोजेको हुन्छ । यी सम्पूर्ण प्रकारका एकीकरणको प्रयासमा श्री ५ पृथ्वीनारायण शाहले स्थानीय जनताको सहयोग र विश्वास पाउने जुन अद्भुत सफलता प्राप्त गरे, त्यही सफलताको जगमा नेपालमा राजा सदा प्रजाको हित चाहने र प्रजा पनि सदा राजाको साथ दिने परम्पराको विकास भएको छ । आफू हिन्दु राजा भइकन पनि अरु सबै धर्मको सम्मान गर्ने, स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण र सुदृढीकरणमा सघाउने, आफ्नो अधीनमा परेका एकाइहरूका स्थानीय प्रमुखहरूको सरसल्लाह अनिवार्य रुपमा लिइरहने, जनताको भलोका लागि न्यायिक, प्रशासनिक, ब्यापारिक एवं वाणिज्य लगायत गृह र आर्थिक नीति निर्माण गर्ने र सदा जनइच्छालाई नै सर्वोपरि महत्त्व र मर्यादा दिने राजा पृथ्वीनारायण शाहको चरित्र र गुणले नै नेपाल अधिराज्यलाई एकीकरणको क्रममा स्थानीय जनताको सहयोग, सद्भावना र सहभागिता बटुल्न सकी एकीकरणलाई भावनात्मक रुपमा ज्युंदो र दिगो राख्ने आधारशिलाहरू तैयार भएको पाइन्छ । वरपर विदेशीहरूको गिद्धे दृष्टि परिसकेको र चौविसेको टुक्राटुक्रीको अस्तित्व स्वतः विलीन हुने ठानी नेपाललाई एउटै बृहत राज्यको रुपमा एक गर्ने पृथ्वीनारायण शाहको राष्ट्रिय आकांक्षा एक राजनीतिक विभूतिको ब्यक्तित्वको परिचायक थियो । (पंचायत स्मारिका, २०४३)

यो एउटा जनता र राज्य प्रमुख बीचको सुमधुर सम्बन्ध र एक अर्काको साथ र सहयोगले मात्र असल देश निर्माण गर्न सकिन्छ भन्ने गतिलो प्रमाणको रुपमा यहाँ उद्धृत गरिएको हो । कुनै पनि देशमा जनताको साथ र सहयोगविना कुनै पनि कार्य गर्न असम्भव हुन्छ । त्यसैले जनताको मनोभावना, आकांक्षा, क्षमता, समस्या, देशको अवस्था आदि सबै स्थितिलाई बुझी कार्य गर्न सकेमा देश र जनताको सधैं भलो हुन्छ र देश सम्पन्न र सुखी हुन्छ । यसको विपरीत व्यक्तिगत स्वार्थमा कार्य गर्न थालियो भने सबै समस्याको जड बाहिर खोजेर पाइने छैन भन्ने उदाहरण पनि हेरौं ।

पृथ्वीनारायण शाहको ५३ वर्षको उमेरमा स्वर्गारोहण पश्चात् मौसुफका उत्तराधिकारीहरूले पनि नेपाल राज्यको विस्तार कार्य जारी राख्नुका साथै नेपालीहरूको एकता र विश्वास कायम राखी राजाकै नेतृत्वमा जनता र मुलुकको कल्याण गर्ने प्रयासहरू भएका छन् । तर इतिहासको क्रुर बिडम्वना स्वरुप त्यतिबेला भारदारहरूबीच राष्ट्रिय स्वार्थभन्दा आफ्नो शक्ति संचय गर्ने प्रवृत्तिमा वृद्धि भएको कारणबाट सिर्जना भएको बैमनस्य, षड्यन्त्र, घात प्रतिघात लगायत तत्कालीन अव्यवस्थामा बाध्य भई तिब्बत–चीन–बृटिश कम्पनीसँग गर्नु परेको युद्ध र नावालिग अवस्थामै गद्धिनसिन हुनु पर्दा मुख्तियारी र नायकत्वको नेतृत्वमा राष्ट्रको राजकाज चल्नु परेका कारणहरूले १८२५–१९०३ को पछिल्लो भागलाई अल्झाउन खोजेको पनि पाइन्छ । त्यति मात्र होइन उहाँको स्वर्गारोहण पश्चात् उहाँका उत्तराधिकारीहरूद्वारा नेपाल र नेपालीको हित गर्ने शाश्वत् दिव्य उपदेशको अनुसरण गर्ने कार्य केही मात्रामा भए तापनि समयको अन्तरालमा निकटवर्ती भारदारहरूले आफ्नै स्वार्थको कारणबाट सिर्जना गर्न थालेको फुट र लुटको वातावरणले षडयन्त्र र हत्या जस्ता विकृतिहरू सिर्जना गर्न थाल्यो । अस्थिर र अराजक वातावरणले प्रायः चतुर र क्रुर तथा निरंकुश नेतृत्वलाई नै अगाडि ल्याउने गर्दछ भन्ने इतिहासको परम्परालाई जंग बहादुरको उदयले प्रमाणित गरिदियो । एक पछि अर्को गरी नावालिग राजा ब्यहोर्नु परेको तत्कालीन परिस्थितिमा विभिन्न मुख्तियारी र भारदारीहरूबीचको हानथाप र प्रतिष्पर्धाले राष्ट्रिय स्वार्थतिर ध्यान दिने समय नै नदिए जस्तो देखिन पुग्यो । राजाको सबल र सक्रिय नेतृत्वको अभाव देखा पर्नासाथ जनता र राष्ट्रको स्वार्थमा आँच पुऱ्याउने कुटिल माध्यमहरूको विकास स्वतः भइहाल्ने कुरा नेपालको परिप्रेक्ष्यमा जंगबहादुर कुंवरको उदयले पनि प्रष्ट गराउँदछ । (पंचायत स्मारिका, २०४३)

**निष्कर्ष तथा सुझाव**

नेपाली सेनाको ऐतिहासिक पृष्ठभूमि केलाउने क्रममा केही जटिलताहरू उत्पन्न भएको अनुभवको सामना गर्नु पऱ्यो । त्रिभुवन विश्वविद्यालयको इतिहास अध्ययनमा एमएको पाठ्यक्रममा एउटा विषय नेपाली सेनाको इतिहास राखिएको छ । अध्ययनको सिलसिलामा पाठ्यक्रम अनुसारको पुस्तकको खोजी र अन्य नेपाली सेना सम्बन्धी विस्तृत अध्ययन भएको सामग्री खोजी गर्दा सो अनुसारको पाठ्यसामग्री बजारमा नपाइनुले देशको इतिहासमा विद्वत् वर्ग त्यति सचेत छैन भन्ने जानकारी गरायो । साथै पाइएका सामग्रीमा पनि नेपाली सेना सम्बन्धी आधुनिक सेना निर्माणपछिको सामग्री मात्र भएको पाइयो भने यसको ऐतिहासिक पृष्ठभूमि समेटिएको सामग्री नपाइनुले केही प्रश्न अवश्य उब्जाएको छ । यसबाट के विषयमा गम्भीर भएर सोंच्न बाध्य पाऱ्यो भने एकातिर नेपाली समाजको सत्यतथ्यसहितको इतिहास नहुनु र अर्कोतिर नेपाली सेना सम्बन्धी पूर्ण इतिहास समेटिएको अध्ययन नहुनुले नेपाली इतिहासमा गहन अध्ययन हुन बाँकी नै छ ।

नेपाली जनताको त्याग र बलिदानीपूर्ण लडाकु वीर गोरखालीकै कारण आज नेपाल विश्व मानचित्रमा एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रको रुपमा ख्याती कमाएको छ । नेपाललाई नेपाल देश भन्दा पनि गुर्खाज भनेर चिन्दछन् । यसमा लडाकु जनताको योगदान कदापि भुल्न सकिँदैन । यो नेपाली जनताका लागि ठूलो गौरवको

विषय हो र ती वीर सन्ततिप्रति देश सधैं ऋणी रहनेछ। यही सन्देश र उहाँहरूकै सम्मान स्वरुप वास्तवमा जनता नै सच्चा सिपाही हुन् भन्ने वास्तविक चित्रण गर्नु यस अध्ययनको सार हो। युद्ध जित्नुमा त्यस देशको जनता र भूगोलको मुख्य भूमिका रहेको हुन्छ। गुरिल्ला युद्धका लागि नेपालको भूगोल सुहाउँदो हुनु र त्यसमाथि यहाँका जनता युद्धकलामा निपुण हुनु पनि देशको लागि स्वाभिमान बन्न पुग्यो। त्यसैले त खुलेर सगौरव भन्न मन लाग्छ-बृटिस कम्पनी जस्तो आधुनिक हतियारले सुसज्जित शक्तिशाली सेना समेत भरूवा बन्दुक र धनुषवाणको भरमा युद्ध लडेका हाम्रा वीर गोरखालीको अगाडि झुक्नु पर्‍यो।

**सन्दर्भ सामग्री**


नरहरिनाथ, योगी. (१८८१). *दिव्य उपदेश,* काठमाडौं।

Morgan, Lewis H. (1877). *Ancient Society*, DR. B.R Ambedkar Open University.

पोखरेल, कृष्ण (२०७५). *आधुनिक राजनीतिक सिद्धान्त,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, काठमाडौं।

Khanal, Dr. Uttam, (2023). *Role of the Nepali Army for Geo-Strategic Importance in the Past Four Centuries*, Department of Humanities and Social Sciences, TU, Kathmandu.

बुढा मगर, बम कुमारी. (२०८१). *मौला ल घोन,* मगर संघ युके।

दलविहीन पञ्चायती प्रजातन्त्र. (२०४३). *पंचायत स्मारिका,* गोरखापत्र संस्थान।

गौचन, लेफ्टिनेन्ट कर्नेल विश्व. (2021). Thakalis in Nepal-Tibet War, The Himalaya Daily, August 31, 2021

थापा क्षत्रिय, विद्यार्थी कणसिंह. (१९६४). *ऋक्सेनवंशावलि*।

राना, पूर्णबहादुर. (२०६८). *राष्ट्रिय सुरक्षा,* सिटिजन प्रिन्टर्स प्रा.लि., नयाँबसपार्क।

सिवाकोटी, प्रा.डा. गोपाल. (२०७५). *संक्रमणमा नेपालको परराष्ट्र सम्बन्ध,* पैरवी प्रकाशन, काठमाडौं।

Onlinekhabar, (2016), Meet the soldiers who ‘call the shots’ in Nepal’s city of festivals, Kathmandu.


-◆◆◆-